# चुरे राजपत्र

## चुरे गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १४ संख्या १ मिति २०७९ पौष २७


# भाग १

## चुरे गाउँपालिकाको सूचना

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:**

## गाउँ स्वास्थ्य सेवा ऐन, २०७९

<u>**प्रस्तावना:**</u> स्वस्थ जीवनयापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई आत्मसाथ गर्दै, व्यक्तिको शारीरिक, मानसिक तथा सामाजिक विकासको लागि स्वच्छ, स्वस्थ एवं सुरक्षित वातावरण र गुणस्तरीय स्वास्थ्य सेवाको अपरिहार्यतालाई मनन गर्दै, स्वास्थ्य सेवाबाट कुनै

पनि नागरिक बन्चित हुने अवस्था आउन नदिन उपलब्ध स्रोत साधनको समुचित सदुपयोग गर्दै नेपालको संविधानले प्रत्याभुत गरेको निःशुल्क, आधारभूत स्वास्थ्य सेवालाई गाउँपालिकामा व्यवस्थित, जनमुखी र प्रभावकारी बनाउनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको अनुसुची ८ को सुची नं. ९ मा भएको व्यवस्था र धारा २२६ बमोजिम चुरे गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम चुरे गाउँपालिकाको गाउँ स्वास्थ्य सेवा ऐन २०७९ रहेको छ ।

(२) यो ऐन गाउँ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "अनुगमन समिति" भन्नाले दफा ११ बमोजिम गठित अनुगमन समितिलाई जनाउनेछ ।

(ख) "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्ष सम्झनुपर्छ ।

(ग) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रबर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपरारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनुपर्छ ।

(घ) "आकस्मिक उपचार सेवा" भन्नाले बिरामीको जीवन खतरामा परेको वा कुनै अंग अशक्त हुने अवस्थामा तत्कालै उपचार सेवा प्रदान गरी

मृत्यु वा अशक्त हुनबाट जोगाउने उपचारात्मक सेवाहरु पर्दछन्।

(ङ) “ऐन'' भन्नाले स्वास्थ्य सम्बन्धी ऐनलाई सम्झनुपर्छ ।

(च) “कार्यपालिका'' भन्नाले चुरे गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(छ) “गैह्र सरकारी वा निजी स्वास्थ्य संस्था'' भन्नाले चुरे गाउँपालिका क्षेत्र भित्र प्रचलित कानून बमोजिम सरकारको स्वीकृति र संचालन अनुमति लिई गैह्र सरकारी तथा निजी लगानी वा स्वामित्वमा संचालन गरेका स्वास्थ्य संस्था सम्झनुपर्छ ।

(ज) “चिकित्सक तथा स्वास्थ्यकर्मी'' भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न

सम्बन्धित परिषदवाट अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(झ) "जनस्वास्थ्य निरीक्षक" भन्नाले जनस्वास्थ्य सम्बन्धि अनुगमनको लागि तोकिएको पदाधिकारी सम्झनुपर्छ ।

(ञ) "जंक फुड" भन्नाले फ्याट, चिनी वा नुनको अत्यधिक मात्रा भएको प्रशोधित खाद्य सामग्री बुझिनेछ ।

(ट) "तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिमको नियमावलीमा तोकिएको प्रावधान सम्झनुपर्छ ।

(ठ) "गाउँपालिका" भन्नाले चुरे गाउँपालिका सम्झनुपर्छ ।

(ड) “गाउँपालिका क्षेत्र'' भन्नाले गाउँपालिकाको भूभाग सम्झनुपर्छ ।

(ढ) “निर्देशिका'' भन्नाले यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले जारी गर्ने निर्देशिका सम्झनुपर्छ ।

(ण) “सरकारी स्वास्थ्य संस्था'' भन्नाले चुरे गाउँपालिका क्षेत्र भित्र सरकारले संचालन गरेका स्वास्थ्य संस्था सम्झनुपर्छ ।

(त) “सेवा प्रदायक'' भन्नाले मान्यताप्राप्त शिक्षण संस्थावाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धित परिषदवाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनुपर्छ र

सो शव्दले स्वास्थ्य सेवा प्रदान गर्ने अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउनेछ ।

(थ) "सेवाग्राही" भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनुपर्छ ।

(द) "स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका, इजाजतपत्र लिएका सरकारी, गैह्रसरकारी, निजी, सामुदायिक र सहकारी रुपमा संचालित दफा ६ र दफा ८ बमोजिमका स्वास्थ्य संस्थालाई जनाउँछ ।

(ध) "स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर" भन्नाले सम्बन्धित गतिविधिको प्रत्यक्ष नतिजा स्वरूप पीडित पक्षलाई शारीरिक वा मानसिक रोग

लागेको, चोटपटक लागेको, अंगभंग भएको वा मृत्यु भएको भनेर बुझ्नुपर्छ ।

(न) "शाखा" भन्नाले कार्यपालिकाको स्वास्थ्य तथा सरसफाई शाखा सम्झनु पर्छ ।

## परिच्छेद २

## आधारभूत स्वास्थ्य सेवा र सेवा प्रदायक

३. **आधारभूत स्वास्थ्य सेवा:** (१) कुनै पनि नागरिकलाई स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन । प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा सहज र सर्वसुलभ पँहुच हुनेछ ।

(२) प्रत्येक नागरिकलाई नेपाल सरकारले तोकेका देहाय बमोजिमका शीर्षकका आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क प्राप्त गर्ने हक हुनेछ ।

(क) खोप सेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन,

पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

(ग) सरुवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक बिकलङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग सम्बन्धी सेवा,

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(छ) सामान्य आकस्मिक अस्वस्थताको सेवा

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा,

(झ) आयुर्वेद तथा अन्य मान्यताप्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ञ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा,

(३) नेपाल सरकारले निर्धारण गरेको आधारभूत स्वास्थ्य सेवा सम्बन्धि मापदण्ड, सेवाहरूको विस्तृत विवरण, सेवा प्रवाह सम्बन्धी अन्य व्यवस्था र प्रकृया बमोजिम कार्यपालिकाले उपदफा(२) बमोजिमका आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन गर्नेछ ।

(४) नेपाल सरकारले निर्धारण गरेका उपदफा (२) बमोजिमका सेवामा स्थानीय आवश्यकता र उपलब्ध स्रोतसाधनका आधारमा आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरि आधारभूत स्वास्थ्य सेवाको सूची थप गर्न सक्नेछ ।

(५) उपदफा (२) मा उल्लेख गरिएका सेवाका अतिरिक्त तोकिएको वर्ग, समुह, लिङ्ग वा क्षेत्रका नागरिकलाई तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा समेत कार्यपालिकाले निःशुल्क उपलब्ध गराउन सक्नेछ ।

(६) आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **<u>आधारभूत स्वास्थ्य सेवा प्रदायक</u>** : (१) गाउँपालिकाले देहाय बमोजिमका सरकारी स्वास्थ्य संस्था तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमबाट आधारभूत तथा अन्य स्वास्थ्य सेवा सुनिश्चित गर्न सक्नेछ ।

(क) सामुदायिक स्वास्थ्य ईकाई

(ख) स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र

(ग) प्राथमिक अस्पताल

(घ) रक्त संचार केन्द्र

(ङ) आयुर्वेदिक औषधालय

(च) सामुदायीक फार्मेसी/अस्पताल फार्मेसी

(छ) सामुदायिक अस्पताल

(ज) शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र/जनता स्वास्थ्य केन्द्र

(झ) गाँउघर क्लिनिक

(२) आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार गाउँपालिकाले निजी, गैरसरकारी, सहकारी

र सामुदायिक स्वास्थ्य संस्थासंग सहकार्य वा साझेदारी गर्न सक्नेछ ।

(३) गाउँपालिका भित्र सरकारले संचालन गरेका वा आधारभूत स्वास्थ्य सेवा दिन भनि सम्झौता गरिएका स्वास्थ्य संस्थामा कुनै पनि नेपाली नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा बन्देज गरिने छैन ।

५. **गाउँपालिका स्वास्थ्य शाखा:** (१) आधारभूत स्वास्थ्य सेवा तथा यस ऐन बमोजिम स्वास्थ्य सम्बन्धी गाउँपालिकाको अन्य गतिविधि संचालन गर्नको लागि गाउँ कार्यपालिका मातहत एक स्वास्थ्य शाखा हुनेछ ।

(२) कार्यपालिकाले स्वास्थ्य सेवा प्रवाह व्यवस्थित गर्न शाखा अन्तर्गत आवश्यकता अनुसार उपशाखा र इकाईहरू बनाउन सक्नेछ ।

## परिच्छेद ३

## स्वास्थ्य संस्था स्थापना तथा संचालन

६. **स्वास्थ्य संस्था स्थापना र संचालन** : (१) गाउँपालिका क्षेत्रभित्र आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि कार्यपालिकाले देहायका स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्न सक्नेछ ।

(क) अस्पताल

(ख) प्राथमिक स्वास्थ्य केन्द्र

(ग) स्वास्थ्य चौकी

(घ) सामुदायिक इकाई

(ङ) आयुर्वेद औषधालय

(च) रक्त संचार केन्द्र

(छ) सार्वजनिक फार्मेसी वा अस्पताल फार्मेसी

(ज) सामुदायिक क्लिनिक

(झ) शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र/जनता स्वास्थ्य केन्द्र

(ञ) तोकिए बमोजिमका अन्य स्वास्थ्य संस्था

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा

तथा पूर्वाधारको न्युनतम मामदण्ड संघीय सरकारले तोके बमोजिम हुनेछ ।

(३) गाउँपालिकामा स्वास्थ्य सेवा संचालनको लागि आवश्यकता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था रहने गरी कार्यपालिकाले स्वास्थ्य संस्थाहरू स्थापना तथा संचालन गर्न सक्नेछ ।

(४) गाउँपालिकाले उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थावाट आधारभूत स्वास्थ्य सेवाका अतिरिक्त तोकिए बमोजिमका अन्य सेवाको सुनिश्चितता गर्ने छ ।

(५) हरेक सरकारी अस्पतालहरुले अनिवार्य रुपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यक निःशुल्क औषधिहरुको नियमित उपलब्धता सुनिश्चित गर्नुका साथै अन्य आवश्यक औषधिहरु सुपथ मूल्यमा उपलब्ध गराउनु पर्नेछ ।

(६) औषधि सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

७. **स्वास्थ्य संस्था व्यवस्थापन :** (१) गाउँपालिकाको स्वामित्व रहेका स्वास्थ्य संस्थाको व्यवस्थापनको लागि देहाय

बमोजिमको एक व्यवस्थापन समिति हुनेछ ।

(क) स्वास्थ्य संस्था रहेको सम्वन्धित वडाको अध्यक्ष - अध्यक्ष

(ख) स्थानीय लब्धप्रतिष्ठित समाजसेवी मध्येवाट वडा अध्यक्षले तोकेको व्यक्ति - उपाध्यक्ष

(ग) कार्यपालिकाको स्वास्थ्य क्षेत्र हेर्ने सदस्य -सदस्य

(घ) सामाजिक स्वास्थ्य्शिक्षा क्षेत्रमा कृयाशिल स्थानीय व्यक्तिहरू मध्ये एक महिला सहित २ जना -सदस्य

(ङ) महिला स्वास्थ्य स्वयम्सेविकाहरु मध्येबाट १ जना -सदस्य

(च) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख -सदस्य सचिव

(२) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ वा कर्मचारीलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) गाउँपालिका प्रमुख स्वास्थ्य संस्थाको संरक्षक रहनेछन ।

(४) व्यवस्थापन समितिको काम, कर्तव्य अधिकार र सो सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. **स्वास्थ्य संस्था संचालन अनुमति लिनुपर्ने** : (१) नेपाल सरकारले निर्धारण गरेको मापदण्डका साथै तोकिएको प्रक्रिया पुरा गरेको सुनिश्चित गरी गाउँपालिका क्षेत्रभित्र निजी, गैरसरकारी, सामुदायिक वा सहकारी संस्थालाई कार्यपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था संचालनको लागि इजाजतपत्र दिन सक्नेछ :

(क) जनरल अस्पताल

(ख) नर्सिंङ होम

(ग) निदान केन्द्र

(घ) क्लिनिक

(ङ) औषधि पसल

(च) आयुर्वेदिक औषधालय

(छ) पुनर्स्थापना केन्द्र

(ज) पोलिक्लिनिक

(झ) मेडिकल-ल्याब र डायग्नोष्टिक सेवा

(ञ) बैकल्पिक तथा प्राकृतिक चिकित्सा (योग, फिजियोथेरापी, होमियोप्याथी, युनानी, अक्कुपन्चर, मोवाईल हेल्थ क्लिनिक)

(२) इजाजतपत्र प्राप्त नगरी गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनैपनि कार्य गर्न पाउनेछैन ।

(३) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था सञ्चालनको अनुमति लिन वा नवीकरण गर्न दरखास्त दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइने दरखास्तको ढाँचा र तिर्नु पर्ने दस्तुर तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता गर्दा शाखाले तोकिएको प्रकृयाका साथै नेपाल सरकारले तोकेको प्रचलित मापदण्ड समेत पुरा भएको सुनिश्चित गर्नेछ ।

(६) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता तथा अनुमति दिनुपूर्व गाउँपालिकाको स्वास्थ्य संस्था अनुगमन समितिले आवेदन परेको १५ दिनभित्र आवश्यक अनुगमन गरि तोकिएको मापदण्ड पुरा गरे नगरेको विस्तृत अध्ययन गर्नेछ र कार्यपालिकालाई १ महिनाभित्रमा सिफारिस गर्नुपर्नेछ ।

(७) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको वार्षिक प्रतिवेदन शाखा समक्ष पेश गरी प्रत्येक आर्थिक वर्षमा दर्ता नवीकरण वा नवीकरण सिफारिस लिनुपर्नेछ ।

(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा गाउँपालिका क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा शाखालाई अग्रिम जानकारी गराउनुपर्ने छ ।

(९) यो ऐन जारी हुनुअघि गाउँपालिका क्षेत्र भित्र संचालित निजी वा

गैरसरकारी स्वास्थ्य संस्थाहरू ऐन जारी भएको मितिले ३ महिनाभित्र कार्यपालिकामा अनुमति लिइ दर्ता गराउनुपर्नेछ ।

(१०) परम्परागत उपचार सेवा संचालन गर्ने निकाय वा व्यक्तिले तोकिएको मापदण्ड र प्रकृया अनुरुप सेवा संचालन स्वीकृति लिनुपर्नेछ ।

(११) इजाजतपत्र सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **दर्ता सिफारिस लिनुपर्ने :** (१) गाउँपालिका क्षेत्रभित्र प्रादेशिक वा संघीय तहमा इजाजतपत्र लिई दर्ता भई संचालन हुने निजी स्तरका स्वास्थ्य संस्थाले स्थापना तथा संचालन र नवीकरणको लागि कार्यपालिकाबाट सेवा संचालन पुर्व अनुमति वा दर्ता र नवीकरण सिफारिश लिनुपर्नेछ ।

(२) यसरी अनुमति वा दर्ता सिफारिस लिने निजी स्वास्थ्य संस्थाले मापदण्ड बमोजिमका शर्तका अतिरिक्त आफ्नो स्वास्थ्य संस्थामा १०% शैयामा अनिवार्य रुपमा गाउँपालिकाले शिफारिस गरेका असहाय, गरिव तथा विपन्न नागरिकको निःशुल्क उपचार गर्नुपर्नेछ ।

## परिच्छेद ४

## स्वास्थ्य संस्थाको अनुगमन र गुणस्तर

१०. <u>**गूणस्तर र पूर्वाधारको मापदण्ड पुरा गर्नुपर्ने**</u> : (१) गाउँपालिकाले क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको मापदण्ड बमोजिम सेवा गूणस्तर मापदण्ड र पुर्वाधार मापदण्ड निर्देशिका बनाई लागु गर्नेछ ।

(२) गाउँपालिकाले क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरुपको सेवा गुणस्तर पुरा गरेको हुनुपर्नेछ ।

११. <u>**अनुगमन गर्ने**</u> : (१) कार्यपालिकाको अनुगमन समितिले दफा ८ बमोजिम संचलान अनुमति लिई गाउँपालिका क्षेत्रभित्र संचलानमा रहेका प्रत्येक स्वास्थ्य संस्थाको वर्षमा कम्तिमा दुई पटक अनिवार्य अनुगमन, निरीक्षण तथा मुल्याङ्कन गर्नेछ ।

(२) गुणस्तरीयता कायम गरे नगरेको सम्बन्धमा आवश्यक ठानेमा अनुगमन समिति बनाई जुनसुकै बेला पनि नियमन, निरीक्षण र अनुगमन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमन निरीक्षण गर्दा गाउँपालिकाको प्रतिनिधिका साथै तोकिएको योग्यता भएको विज्ञ सम्मिलित अनुगमन समिति मार्फत गर्नेछ । विज्ञ उपलब्ध गराउन सम्बन्धित विषयका प्रादेशिक तथा संघीय तहका नियामक निकाय तथा अन्य विशेषज्ञ संस्थासंग सहकार्य गर्न सक्नेछ ।

(४) अनुगमनका क्रममा पूर्वाधार वा गुणस्तरको मापदण्ड पालना नगरेको पाईएमा अनुगमन समितिले वस्तुस्थितिको मुचुल्का बनाई आवश्यकता अनुसार सम्बन्धित स्वास्थ्य संस्थामा सिलबन्दी गर्न सक्नेछ र कारवाहीका लागि सिफारिस गर्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुगमन समितिले गरेको कारवाही सिफारिसमा आफ्नो रायसमेत उल्लेख गरी अन्तिम निर्णयको लागि कार्यपालिकामा पेश गर्नेछ ।

(६) निरीक्षण, अनुसन्धान तथा अनुगमनबाट प्राप्त नतिजाका आधारमा संस्था स्थापना र संचालनको स्वीकृति दिने निकायले आवश्यक निर्देशन दिन सक्नेछ र

सो संस्थाले मापदण्डहरुको पालना नगरेका कारण जनस्वास्थ्यमा प्रभाव पर्ने देखेमा संस्था बन्द गर्ने सम्मको आदेश दिन सक्नेछ ।

(७) शाखाले गाउँपालिका भित्र स्वास्थ्य क्षेत्रको अवस्था, प्रगति विवरण र स्वास्थ्य संस्थाको अनुगमन प्रतिवेदन समेत सम्मिलित वार्षिक प्रतिवेदन तयार गर्नेछ । यस्तो प्रतिवेदन प्रत्येक आर्थिक वर्ष अन्त्य भएको ६ महिनाभित्र गाउँ कार्यपालिकाले गाउँ सभामा पेश गरी छलफल गर्नेछ ।

१२. **सेवा शुल्क निर्धारण र पुनरावलोकन** : (१) कार्यपालिकाले संघीय सरकारले तोकेको मापदण्ड अनुसार गाउँपालिकाभित्रको स्वास्थ्य सेवाको अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ र सो को कार्यन्वयन भए नभएको नियमित अनुगमन गर्नेछ ।

(२) कुनै पनि स्वास्थ्य संस्थाले उपदफा (१)को प्रतिकूल नहुनेगरि आफ्ना सेवाको शुल्क परिवर्तन गर्दा परिवर्तन गर्नुपर्ने आधार प्रष्ट खुलाई कार्यपालिकालाई पूर्व जानकारी गराउनेछ । यसरी निर्धारीत

शुल्कको सूची सबै सेवाग्राहीले देख्ने स्थानमा राख्नेछ ।

## परिच्छेद ५

## सरसफाई, स्वास्थ्य जन्य फोहोर व्यवस्थापन तथा स्वस्थ वातावरण

१३. **सरसफाई तथा प्रदुषण रोकथाम** : (१) कुनै पनि व्यक्ति वा निकायले कुनै पनि प्रकारको फोहोर कार्यपालिकाले तोकेको स्थान बाहेक अन्यत्र फ्याँक्न पाइने छैन । यसका लागि कार्यपालिकाले उपयुक्त प्रकृया र विधि निर्धारण गर्नेछ ।

(२) गाउँपालिका क्षेत्रभित्र जल, जमिन, वायु र ध्वनि प्रदुषणको रोकथाम गर्नु गाउँपालिका क्षेत्रका सबै वासिन्दा तथा संस्था र निकायको जिम्मेवारी हुनेछ ।

(३) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने जल, जमिन, वायु र ध्वनि प्रदुषण रोकथामको लागि संघीय मापदण्ड अनुसारको स्थानीय मापदण्ड तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(४) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमले जल, जमिन, वायु र ध्वनि प्रदुषण गरेको पाइएमा कार्यपालिकाले

प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ ।

(५) कार्यपालिकाले सामुदायिक सरसफाई सम्बन्धी निर्देशिका बनाई लागु गर्नेछ ।

(६) फोहोरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ ।

(७) जाँच परिक्षणमा कुनै निकायमा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त निकायलाई समयमै सचेत गराई आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ ।

१४. **स्वास्थ्यजन्य फोहोर व्यवस्थापन** : (१) स्वास्थ्य सम्बन्धि फोहोरमैलाको छुट्टाछुट्टै संकलन, पुनःउपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमनको लागि कार्यपालिकाले निर्देशिका बनाई लागु गर्नेछ ।

(२) कार्यपालिकाले स्वास्थ्य क्षेत्रवाट निस्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैह्रसरकारी क्षेत्रसंग समेत सहकार्य र साझेदारी गर्न सक्नेछ ।

## परिच्छेद ६

## जनस्वास्थ्य निरीक्षण र प्रवर्द्धन

**१५. जनस्वास्थ्य निरीक्षण** : (१) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आम जनतालाई सुरक्षित गर्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्नेछ ।

(२) खाद्य, वातावरण, पानी लगायत जनस्वास्थ्यका अन्य पक्षहरूको गुणस्तर अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले संघ तथा प्रदेशसंगको समन्वयमा आवश्यक मात्रामा जनस्वास्थ निरीक्षकहरू परिचालन गर्न सक्नेछ ।

(३) जनस्वास्थ्य निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले यस ऐनको परिच्छेद ५ वा परिच्छेद ६ को उल्लङ्घन गरी जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि

गरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले वस्तुस्थितिको मुचुल्का बनाई र उक्त गतिविधि तत्कालको लागि बन्द गराई कारवाहीका लागि सिफारिस गर्नेछ ।

१६. **खाद्य तथा पानीको गूणस्तर** : (१) कार्यपालिकाले प्रचलित संघीय र प्रादेशिक मापदण्डको आधारमा गाउँपालिका क्षेत्रभित्र विक्री तथा वितरण हुने खानेपानी तथा खाद्य सामग्रीको गुणस्तर मापदण्डका साथै त्यसका विक्रेता वा आपूर्तिकर्ताको मापदण्ड बनाई लागु गर्नेछ ।

(२) कार्यपालिकाले संघीय तथा प्रादेशिक तहबाट स्थापित खानेपानी तथा खाद्य सामग्री गुणस्तर मापदण्डको आधारमा स्थानीय मापदण्ड बनाई खानेपानी तथा खाद्य सामग्रीका विक्रेता तथा आपूर्तिकर्तालाई संचालन अनुमति दिनेछ ।

(३) कार्यपालिकाले नियमित रूपमा मापदण्ड पालना भए-नभएको सन्दर्भमा जनस्वास्थ्य निरीक्षक खटाई अनुगमन तथा निरीक्षण गर्नेछ ।

(४) कार्यपालिकाले योजना बनाई गाउँपालिका क्षेत्र भित्र अस्वस्थकर खाद्य पदार्थको उपभोग निरुत्साहित पार्ने तथा

सन्तुलित आहार सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गर्नेछ ।

(५) कार्यपालिकाले गाउँपालिका क्षेत्रभित्र खानेपानीको गुणस्तर सुनिश्चित गर्न खानेपानीका स्रोतको उचित संरक्षण गर्नेछ ।

(६) कार्यपालिकाले खाद्य सामग्रीको उत्पादन तथा वितरणमा किटनाशक औषधि वा मानव स्वास्थ्यको प्रतिकूल हुने रसायनको प्रयोगको अनुगमन तथा नियन्त्रण गर्नेछ ।

(७) खाद्यान्न, मासु र पानी लगायतका उपभोग्य बस्तु उत्पादन, भण्डारण तथा बिक्री वितरणका क्रममा तोकिए बमोजिमको न्युनतम मापदण्ड अनिवार्य पालना गर्नुपर्ने छ । यसरी तोकिएका मापदण्डहरु गल्ली, ठेला वा अन्य स्थान तथा साधनहरु प्रयोग गरी बिक्री वितरण गर्ने निकायहरुलाई समेत लागु हुनेछ ।

(८) माथि उल्लेखित संस्थाहरूले वितरण गर्ने खाद्य पदार्थले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित

जनस्वास्थ्य अधिकारीसँग हुनेछ । यसरी जाँच परिक्षण गर्दा निरीक्षकले संघीय सरकारले तोकेको मापदण्डलाई समेत आधार बनाउनुपर्नेछ ।

(९) जाँच परिक्षणमा कुनै संस्थाले वितरण गरेको खाद्य पदार्थले मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको वा कुनै व्यक्ति बिरामी परेको यथेष्ठ प्रमाण भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त संस्थाको संचालन अनुमति तोकेको समयका लागि कारवाहीका लागि सिफारिश गर्न सक्नेछ

१७. **अखाद्य पदार्थ, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन :** (१) कार्यपालिकाले सुर्ती, मदिरा तथा अखाद्य पदार्थलाई नियमन गर्न नेपाल सरकारले तोकेको मापदण्डलाई आधार मानी सुर्ती, मदिरा तथा अखाद्य पदार्थको विक्री तथा वितरणलाई नियमन, नियन्त्रण तथा मर्यादित बनाउन निर्देशिका बनाई कार्यान्वयन गर्नेछ ।

(२) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरणका लागि कार्यपालिकावाट छुट्टै इजाजतपत्र लिनुपर्नेछ ।

(३) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ वितरण गर्न बन्देज लगाउन सक्नेछ ।

(४) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण र प्रयोगमा नियन्त्रण एवं न्युनिकरण गर्न कार्यपालिकाले निशेधित र विक्रि वितरणका लागि खुला क्षेत्र तोक्न सक्नेछ ।

(५) गाउँपालिका भित्र मदिरा, चुरोट, सुर्ती लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामग्रीको विज्ञापन गर्न पाइने छैन ।

(६) १८ वर्ष मुनिका वालवालिकालाई सुर्तीजन्य वा मदिराजन्य पदार्थ विक्री वितरण गर्न पाइने छैन ।

(७) विद्यालय लगायतका स्थानमा जंक फुडको विक्री वितरण, प्रचार र उपभोग निषेधित गरिनेछ । निषेधित क्षेत्रमा जंक फुडको विक्री, वितरण, प्रचार गरेको पाइएमा सम्बन्धित विद्यालय तथा त्यस्तो जंक फुडको बिक्री, वितरण वा प्रचार गर्ने व्यक्ति वा संस्था वा दुवैलाई तोकिए बमोजिम कारवाही हुनेछ ।

१८. **जनस्वास्थ्य मैत्री भवन निर्माण तथा सडक पुर्वाधार :** (१) गाउँपालिका भित्र सार्वजनिक भवनहरु निर्माण गर्दा जनस्वास्थ्य मैत्री हुनु पर्नेछ, यसमा भवन आचार संहिता मापदण्ड पालना, खासगरी भूकम्प प्रतिरोधी तथा अपांगतामैत्री हुनुपर्ने समेत पर्दछ ।

(२) संघ, प्रदेश वा गाउँपालिकाले तोकेका जोखिमपुर्ण क्षेत्रहरूका आवास निर्माण गर्न पाइने छैन । यदि निर्धारीत क्षेत्रमा पहिले देखिनै आधिकारिक बसाई रहेको भएमा कार्यपालिकाले प्रचलित संघीय कानून अनुसार वैकल्पिक स्थानसहित उपयुक्त क्षतिपूर्तिको व्यवस्था गर्नेछ ।

(३) सडक पुर्वाधार निर्माण गर्दा सडक दुर्घटना कम हुने गरी र स्वास्थ्य प्रवर्द्धनलाई ध्यानमा राखेर निर्माण गर्नु पर्नेछ । नयाँ बन्ने सडक र पुराना सडकहरूको स्तरोन्नति गर्दा आवश्यकता अनुसार फुटपाथ र साइकल लेनको उचित प्रबन्ध मिलाउनु पर्नेछ ।

(४) गाउँपालिकाले कुनै पनि भौतिक निर्माण गर्दा वा निर्माण अनुमति दिनुअघि त्यस्तो निर्माणको क्रममा जनस्वास्थ्यमा पर्नसक्ने प्रभावको मूल्याङ्कन

गर्नसक्नेछ । यस्तो मूल्याङ्कनबाट जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पर्नसक्ने देखिएमा त्यस्तो प्रभाव न्यूनिकरण गर्ने विधिबाट निर्माण गरिनेछ ।

१९. **जनस्वास्थ्य मैत्री वस्ती विकास तथा शहरीकरण :** (१) जनस्वास्थ्य मैत्री वस्तीविकास तथा शहरीकरण प्रबर्धन गर्नु गाउँपालिकाको दायित्व हुनेछ । जसमा आवश्यकता र सान्दर्भिकता अनुसार स्वास्थ्यका दृष्टिकोणले पर्याप्त खेल, मनोरञ्जन स्थल, पैदल हिड्ने व्यवस्था, साइकल चलाउन मिल्ने व्यवस्था आदि समेत पर्नेछ । गाउँपालिकाले शहरीकरणका आवश्यक मापदण्डहरूमा उपरोक्त पक्षहरूलाई समावेश र प्रबर्द्धन गर्नेछ ।

(२) कार्यपालिकाले योजना बनाई गाउँपालिका क्षेत्र भित्र सार्वजनिक खुल्ला स्थान तथा सार्वजनिक पार्कको निर्माण र संरक्षण गर्नेछ ।

## परिच्छेद ७

## स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापन

२०. **स्वास्थ्य पुर्वाधार र मापदण्ड :** (१) कार्यपालिकाले आफ्नो क्षेत्राधिकारभित्रका

स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्बन्धि भौतिक पूर्वाधारको संरक्षण र सम्बर्द्धन गर्नेछ ।

(२) पुर्वाधार मापदण्डको आधारमा स्वास्थ्य संस्थाका पूर्वाधारको निर्माण तथा मर्मतसम्भार गर्नेछ ।

(३) स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको मर्मत सम्भारको लागि कार्यपालिकाले कूल निर्माण पूँजीको निश्चित प्रतिशत मर्मतसम्भारको लागि वार्षिक छुट्टाउने छ ।

(४) कार्यपालिकाले गाउँपालिकाको स्वामित्व रहेका स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य संस्थाको वर्गीकरण तथा पूर्वाधार मापदण्ड अनुसार न्युनतम औजार- उपकरणहरूको उपलब्धता सुनिश्चित गर्नेछ ।

२१. **जनशक्तिको व्यवस्थापन** : (१) गाउँपालिका भित्रका स्वास्थ्य संस्थामार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि देहाय बमोजिमको जनशक्ति रहनेछ ।

(क) स्थायी (नेपाल सरकारको स्वास्थ्य सेवावाट समायोजन

भइ आएका स्वास्थ्य जनशक्ति र लोकसेवावाट पदपुर्ति हुने स्थायी जनशक्ति)

(ख) करार (करार सेवामा भर्ना गरिएका जनशक्ति)

(ग) अभ्यासकर्ता

(घ) स्थानीय स्वास्थ्य कार्यकर्ता/स्वयंसेविका

(२) कार्यपालिकाले स्वीकृत संरचना अनुरूपको आवश्यक जनशक्ति स्थायी र अस्थायी कर्मचारीबाट पदपूर्ति गर्नेछ ।

(३) कार्यपालिकाले जनशक्तिको क्षमता अभिवृद्धिको लागि प्रादेशिक वा संघीय तहका सम्बन्धित निकाय वा अन्य संस्थाको सहयोगमा आवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ ।

(४) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्यकर्मीहरूको लागि कार्यमैत्री वातावरण तथा पेशागत सुरक्षाको व्यवस्था हुनेछ ।

(५) जनशक्ति व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून र तोकिए बमोजिम हुनेछ ।

२२. **कार्यसम्पादन करार गर्नुपर्नेः** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन कार्यपालिकाले कर्मचारीहरूसंग छुट्टाछुट्टै कार्यसम्पादन करार गर्न सक्नेछ ।

## परिच्छेद ८

## विपद व्यवस्थापन र जनस्वास्थ्य निगरानी

२३. **विपद व्यवस्थापन संयन्त्र** : (१) कार्यपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपदहरूको पुर्वतयारी, जाँचपड्ताल, व्यवस्थापन र जोखिम न्यूनिकरणको लागि उपयुक्त संयन्त्र सहितको प्रबन्ध गर्नेछ ।

(२) सम्भावित महामारीको जोखिम पहिचान गरी तिनको रोकथामको लागि अन्य संस्था तथा निकायसंगको सहकार्यमा योजना बनाई कार्यान्वयन गर्नेछ ।

(३) गाउँपालिकाले महामरी र विपदवाट थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको

लागि अन्य स्थानीय सरकार, प्रदेश र संघीय सरकारसंग अनुरोध गर्न सक्नेछ ।

२४. **जनस्वास्थ्य आपतकाल** : (१) महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा गाउँपालिका प्रमुखले प्रदेश तथा संघीय सरकारसंग समन्वय गरि स्थानीय जनस्वास्थ्य अधिकारीको सिफारिशमा आफ्नो क्षेत्रभित्र जनस्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम आपतकालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयका लागि हो सो र कुन कुन क्षेत्रमा सो लागु हुने हो सो समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

(३) आपतकालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धि जानकारी सम्बन्धित सबैका लागि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नु पर्नेछ ।

(४) आपतकालीन स्वास्थ्य अवस्थाको समयावधि क्षेत्र लगायत तथा अन्य पक्षहरूमा उपलब्ध तथ्यांक तथा सूचनाका आधारमा थपघट वा हटाउन समेत सकिनेछ ।

(५) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि जनस्वास्थ्य अधिकारीको सिफारिशमा प्रमुखले जारी गरेका जनस्वास्थ्य सम्बन्धि आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

## परिच्छेद ९

## औषधि तथा स्वास्थ्य उपकरणको खरिद तथा भण्डारण, वितरण, नियमन

२५. **औषधि खरिद, भण्डारण र वितरण सम्बन्धि व्यवस्था** : (१) गाउँपालिकाले निःशुल्क वितरण गर्ने वा फार्मेसी मार्फत विक्री गर्ने औषधिको सूची निर्धारण गरी औषधि तथा स्वास्थ्यजन्य उपकरणको खरिद भण्डारण र वितरणको लागि कार्यपालिकाले वार्षिक खरिद योजना बनाउने छ ।

(२) उपदफा(१)वमोजिमको औषधि खरिद गर्दा सार्वजनिक खरिद ऐन र औषधि सम्वन्धी प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

(३) गाउँपालिका मातहतका स्वास्थ्य संस्थामा औषधि खरिद, आपूर्ति, भण्डारण तथा विक्री गरिने औषधिको हकमा मूल्य निर्धारणको लागि निर्देशिका बनाई कार्यान्वयन गर्ने छ ।

२६. **निःशुल्क औषधि** : (१) शाखाले दफा ३ र दफा ४ बमोजिम निःशुल्क औषधि आफू मातहतका स्वास्थ्य संस्था मार्फत वितरण गर्ने छ ।

२७. **नियमन** : (१) कार्यपालिकाले संघीय तथा प्रादेशिक तहका प्रचलित कानूनका समेतलाई आधार मानी गाउँपालिका क्षेत्रभित्र औषधिको विक्री, वितरण तथा प्रयोगको नियमन गर्नेछ ।

## परिच्छेद १०

## साझेदारी र सहकार्य

२८. **साझेदारी र सहकार्य गर्न सक्ने** : (१) कार्यपालिकाले आधारभूत तथा अन्य स्वास्थ्य सेवा प्रवाह गर्न तथा यस ऐनको कार्यान्वयन गर्न प्रचलित कानूनको अधीनमा रही आवश्यकता अनुसार स्थानीय, प्रादेशिक तथा संघीय तहमा कार्यरत निजी, सरकारी तथा गैरसरकारी संस्था तथा निकायसंग सहकार्य गर्न सक्नेछ ।

(२) सेवा प्रवाहको सुलभता वा खर्च न्यूनिकरणको लागि कार्यपालिकाले अन्य स्थानीय सरकारसंग सहकार्य गरी

आफ्नै क्षेत्रभित्र वा नजिकको पायक पर्ने स्थानीय तहमा संचालित स्वास्थ्य संस्थामार्फत सेवा प्रवाह गराउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको सहकार्य गर्न कार्यपालिकाले अन्य गाउँपालिकासंग लक्षित जनसंख्याको अनुपातको आधारमा वा सेवाग्राही संख्याको अनुपातको आधारमाखर्च बांडफांड गर्ने गरी संयुक्त सेवा सम्झौता गर्न सक्नेछ ।

२९. **<u>सेवा खरिद सम्झौता गर्न सक्ने :</u>** गाउँपालिका क्षेत्रका वासिन्दालाई स्वास्थ्य सेवा सुनिश्चित गर्नको लागि कार्यपालिकाले गाउँपालिका क्षेत्रभित्र संचालित वा गाउँपालिका आसपासमा पायक पर्ने स्थानमा संचालित निजी, गैरसरकारी, सामुदायिक, सरकारी वा सहकारी संस्थाले संचालन गरेका स्वास्थ्य संस्थासंग सेवा खरिद सम्झौता गर्न सक्नेछ ।

३०. **<u>विद्यालय स्वास्थ्य सेवा :</u>** (१) गाउँपालिकाले शैक्षिक निकाय तथा विद्यालयहरुसँग सहकार्य गरी विद्यालय स्वास्थ्य सेवा प्रदान गर्न विद्यालय नर्सको व्यवस्था गर्न सक्नेछ ।

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स सम्बन्धि व्यवस्थाको प्रकृति र मापदण्डहरु कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

३१. **घुम्ती शिविर सम्बन्धि व्यवस्था** : (१) स्वास्थ्य सम्बन्धि घुम्ती शिविर वा सेवाहरु सञ्चालन गर्न शाखाबाट अनुमति लिनु पर्नेछ ।

(२) घुम्ती स्वास्थ्य शिविर वा सेवाहरु प्रदान गर्दा पूरा गर्नु पर्ने प्रकृया र मापदण्ड कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद ११

## स्वास्थ्य सूचना प्रणाली र स्वास्थ्य प्रविधि तथ्यांक र अभिलेख

३२. **तथ्याङ्क संकलन र अभिलेखिकरण** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रमा घरपरिवार तहसम्मको स्वास्थ्य सम्बन्धि तथ्यांक र अभिलेख संकलन गरी नियमित रूपमा अद्यावधिक गर्ने पद्धति विकास गर्नेछ ।

(२) गाउँपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको रोग, बिरामी तथा सेवासम्बन्धी तथ्यांक र

अभिलेख गाउँ स्वास्थ्य सूचना प्रणालीमा नियमित रुपमा अद्यावधिक गराउनुपर्ने छ ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रुपमा राख्नुपर्नेछ ।

(४) गाउँपालिका वा इजाजतपत्र स्वास्थ्य संस्था वा अनुमतिप्राप्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्यसंग सम्वन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनियताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा गाउँपालिकाको दायित्व हुनेछ ।

(५) गाउँपालिका तथा वडा तहका स्वास्थ्य सम्बन्धि सूचकांकहरू नियमित रूपले अद्यावधिक गरी सार्वजनिक गर्नेछ ।

(६) कार्यपालिकाले स्वास्थ्य सम्बन्धी सूचना प्रादेशिक तह तथा संघीय तहका स्वास्थ्य हेर्ने निकायमा आवश्यकता अनुसार उपलब्ध गराउने छ ।

(७) शाखाले आवधिक रूपमा गाउँ स्वास्थ्य सर्वेक्षण गर्नेछ ।

३३. **जानकारी पाउने हक** : विरामीलाई आफ्नो उपचार सम्बन्धि सम्पुर्ण जानकारी पाउने हक हुनेछ । सो जानकारी उपलब्ध गराउनु स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ ।

## परिच्छेद १२

## आकस्मिक स्वास्थ्य सेवा

३४. **आकस्मिक सेवाबाट बन्देज नगरिने** : (१) गाउँपालिका क्षेत्रमा संचालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि बिरामी व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन ।

(२) स्वास्थ्य सेवा प्रदायक वा स्वास्थ्यकर्मीले आवश्यकता अनुसार कुनै पनि ब्यक्तिलाई जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एंव स्वास्थ्यकर्मीको कर्तव्य र दायित्व हुनेछ ।

(३) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवा व्यवस्थित गर्नको लागि बिरामीको अवस्थाको गम्भीरताको आधारमा वर्गीकरण गरी प्राथमिकता तोकी उपचार गर्न सक्नेछ ।

(४) उपदफा (१) को आकस्मिक उपचार खर्च व्यवस्थापन गर्नको लागि

गाउँपालिकाले छुट्टै आकस्मिक उपचार कोषको व्यवस्था गर्नेछ ।

३५. **एम्बुलेन्स सेवा :** (१) गाउँपालिकाले आफ्नै स्रोतबाट वा अन्य संस्थासंगको सहकार्यमा एम्बुलेन्स सेवा संचालन गर्न सक्नेछ ।

(२) शाखाले गाउँपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्सहरू नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप भए नभएको अनुगमन तथा नियमन गर्नेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्सहरू संचालकले शाखामा दर्ता तथा वार्षिक नवीकरण गराउनु पर्नेछ ।

(४) गाउँपालिकाले अन्य स्थानीय सरकारसंगको सहकार्यमा एम्बुलेन्स संजाल निर्माण गर्न सक्नेछ ।

(५) उपदफा ३ बमोजिम दर्ता तथा नवीकरण नभएका एम्बुलेन्स कार्यपालिकाले नियन्त्रणमा लिन सक्नेछ ।

## परिच्छेद १३

## प्रेषण तथा उपचार प्रणाली

३६. **<u>प्रेषण तथा उपचार प्रणाली</u>** : (१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राही आफ्नो अनुकूल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपचारको लागि आएको बिरामीलाई उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्नसक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ ।

(३) कार्यपालिकाले संघीय तथा प्रादेशिक कानून, नियम तथा मापदण्ड समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न प्रेषण प्रणाली लागु गर्नेछ ।

## परिच्छेद १४

## दण्डनीय कार्य र जरिवाना

३७. **<u>दण्डनीय कार्य गरेको मानिने</u>** : (१) कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको दण्डनीय कार्य गरेको मानिनेछः-

(क) दफा ८ बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) स्वस्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ) दफा ४९(२) बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(ङ) दफा ३२(४) बमोजिम गोपनीयता कायम नगरेमा,

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो

सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्यकर्मी वा सेवाप्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,

(ञ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ट) दफा १६ बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पारेमा,

(ठ) दफा १७ विपरीत कसैले विज्ञापन गरेको पाइएमा,

(ड) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरितको अन्य कुनै कार्य गरेमा ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको कसूर गरेमा संघीय जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम हुनेछ,

(३) उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट) र (ड) बमोजिमको कार्य गरेमा पच्चीस हजारदेखि पचास हजारसम्म जरिवाना,

(४) उपदफा (१) को खण्ड (ठ) बमोजिमको कार्य गरेमा विज्ञापन प्रशारण गर्नेलाई दश हजार रुपैयाँ जरिवाना ।

(५) दण्ड,सजाय र जरिवाना सम्बन्धि अन्य ब्यबस्था प्रचलित कानून बमोजिम हुनेछ ।

३८. **मुद्दा हेर्ने अधिकारी** : यस ऐन अन्तर्गत सजाय हुने दण्डनीय कार्य सम्बन्धी मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार उपाध्यक्षलाई हुनेछ भने दफा ३७ उपदफा

(१) खण्ड (क) बमोजिमको कसूरमा संघीय कानून बमोजिम हुनेछ ।

३९. **पुनरावेदन** : यस ऐन अन्तर्गगत सजाय हुने कसुर सम्बन्धी मुद्दामा उपाध्यक्षले गरेको निर्णय उपर ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

## परिच्छेद १५

## गाउँ जनस्वास्थ्य बोर्ड

४०. **गाउँ जनस्वास्थ्य बोर्डको गठन** : गाउँपालिकाले जनस्वास्थ्यसँग सरोकार निकायका उच्च अधिकारीहरु तथा विज्ञहरुको संलग्नता हुने गरी निम्न बमोजिमको जनस्वास्थ्य बोर्ड स्थापना गर्नेछ ।

(क) गाउँपालिका प्रमुख -अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) स्थानीय स्वास्थ्य समिति प्रमुख -सदस्य

(ङ) स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य -सदस्य

(च) कानून शाखा प्रमुख वा कानूनी सल्लाहकार -सदस्य

(छ) स्थानीय अस्पताल/स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक स्वास्थ्यकर्मी मध्ये गाउँपालिका प्रमुखले तोकेको २ जना -सदस्य

(ज) समितिले मनोनित गर्ने स्वास्थ्य र शिक्षा क्षेत्रका विज्ञ २ जना -सदस्य

(झ) स्थानीय स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

४१. **बोर्डको काम, कर्तव्य र अधिकार**: बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) स्थानीयस्तरमा स्वास्थ्य सुरक्षा, सम्बर्धन र सुधार सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने,

(ग) राष्ट्रिय स्वास्थ्य योजना र नीति तर्जुमाको अनुसरण गर्ने गराउने,

(घ) जनस्वास्थ्य सम्बन्धि राष्ट्रिय रणनीति, ढाँचा वा नियमनहरुलाई स्थानीय स्तरमा लागु गर्न सम्बन्धित क्षेत्र वा निकायलाई आवश्यक निर्देशन तथा अनुगमन गर्ने,

(ङ) रोगहरुको रोकथाम, प्रबर्धनात्मक कार्य लगायत जनस्वास्थ्यको सुधार सम्बन्धि कुनै पनि विषयमा प्रदेश तथा संघीय सरकार सँग आवश्यक सहयोग तथा परामर्श लिने ।

(च) तोकिएबमोजिमको अन्य कार्य गर्ने ।

(छ) स्वास्थ्यसँग सम्बन्धित कुनै विषयमा सुझाव प्रस्तुत गर्न समिति वा उप-समिति गठन गर्ने ।

(ज) बोर्ड सम्बन्धि अन्य कार्यबिधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद १६

## विविध

४२. **समन्वय गर्ने** : राष्ट्रिय तथा प्रादेशिक अभियानमा स्थानीय सरकारले समन्वय र सहयोग पुऱ्याउने छ ।

४३. **नियम बनाउन सक्ने** : यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आबश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

४४. **मापदण्ड, निर्देशिका र कार्यविधी बनाउन सक्ने** : यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधी बनाउन सक्नेछ ।

४५. **स्वास्थ्य कार्यक्रम संचालन गर्ने :** कार्यपालिकाले लक्ष्य निर्धारण गरीयोजना निर्माण, कार्यन्वयन, मुल्याङ्कन तथा समिक्षाको कार्यतालिका बनाई आवश्यकता अनुसार स्वास्थ्य/जनस्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापना सम्बन्धी कार्यक्रमहरू संचालन गर्न सक्नेछ ।

४६. **पोषण कार्यक्रम संचालन गर्ने :** (१) कार्यपालिकाले गर्भवति महिला, आमा र शिशुको लागि पोषण सुरक्षा कार्यक्रमको संचालन र प्रवर्द्धन गर्नेछ ।

(२) कार्यपालिकाले योजना बनाई स्तनपान प्रवर्द्धनका कार्यक्रम संचालन गर्नेछ ।

(३) कार्यपालिकाले योजना बनाई गाउँपालिका क्षेत्रभित्र कुपोषणको पहिचान, न्युनिकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापनका साथै अति कुपोषित बालबालिकाको पुनर्स्थापनाकोकार्यक्रम संचालन गर्नेछ ।

४७. **सामाजिक सुरक्षा र स्वास्थ्य विमा :** (१) गाउँपालिका क्षेत्रका सबै वासिन्दालाई स्वास्थ्य वीमा ऐनले तोकेबमोजिम अनिवार्य

स्वास्थ्य विमामा आवद्ध गराउनु कार्यपालिकाको दायीत्व हुनेछ ।

(२) कार्यपालिकाले सम्बन्धित निकायसंगको सहकार्यमा सामाजिक सुरक्षा सम्बन्धी जनचेतनाका कार्यक्रम संचालन गर्न सक्नेछ ।

(३) कार्यपालिकाले आर्थिक रूपले विपन्न तथा तोकिएका अन्य लक्षित समुहको स्वास्थ्य विमा गराउन र अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनको लागि प्रादेशिक तथा संघीय तहका निकायहरूसंग समन्वय गर्नेछ ।

(५) महिला, बालबालिका, किशोरकिशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, ज्योष्ठ नागरिक र अन्य लक्षित समुहहरुका लागि कार्यविधि बनाई कार्यपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(६) कार्यपालिकाले विशेष संरक्षणको आवश्यकता भएका महिला/बालबालिका/ज्येष्ठ नागरिक/अपाङ्गता भएका/अशक्त र अन्य लक्षित समुहहरूका लागि प्रदेश तथा

संघको समन्वयमा आवश्यक संरक्षणको व्यवस्था गर्न सक्नेछ ।

४८. **अधिकार प्रयोग गर्न सक्ने** : यस ऐनमा सभाले गर्ने भनि तोकेको बाहेक अन्य अधिकारहरू कार्यपालिकाले प्रयोग गर्न सक्नेछ ।

४९. **सेवाग्राहीको कर्तव्य** : (१) प्रत्येक व्यक्ति नियमित रुपमा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(२) आफ्नो स्वास्थ्यको सम्वन्धमा सचेत रहने र चिकित्सक तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवं शिष्ट व्यवहार गर्नु गाउँपालिका भित्रका प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(३) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुलाई कसैले पनि बाँधेर राख्ने वा खोरमा थुन्ने जस्ता कार्य गर्न पाईने छैन । त्यस्ता व्यक्तिहरूको बारेमा कार्यपालिकालाई सूचना दिने, स्वास्थ्य संस्थामा लैजाने, उपचार गर्ने गराउने, उपचार खर्च दिने र स्वस्थ रहन तथा उपचार गर्ने कार्यमा सहयोग तथा

सहजिकरण गर्नु प्रत्येक संरक्षकको दायित्व हुनेछ ।

५०. **सेवा प्रदायक र स्वास्थ्यकर्मीको दायित्व** : (१) नागरिकलाई शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु सेवा प्रदायकको दायित्व हुनेछ ।

(२) यस ऐन बमोजिम स्वास्थ्यकर्मीले उपचार गर्दा सबै सेवाग्राही प्रति समान व्यवहार गर्नु र भेदभाव नगरी सेवा दिनु सबै स्वाथ्यकर्मीको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकिकरण गर्नसक्नेछ ।

(४) स्वास्थ्यकर्मीलाई पेशागत सुरक्षा र कार्यमैत्री वातावरणको हक हुनेछ ।

५१. **स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाईने** : स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाईने छैन ।

५२. **गुनासो व्यवस्थापन** : कार्यपालिकाले स्वास्थ्य सेवा, सरसफाई र जनस्वास्थ्यसंग

सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि सिफारिस गर्न एक अधिकारी तोकिने छ ।

५३. **प्रचलित कानून वमोजिम हुने** : यस ऐनमा लेखिएजति विषय यसै ऐन बमोजिम र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

५४. **क्षतिपुर्ति दिनुपर्ने** : गाउँपालिका भित्र कुनै व्यक्ति वा संस्थाको गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमा निजलाई न्यायिक समितिले क्षतिपूर्ति दिलाउन सक्नेछ ।

५५. **परामर्श लिन सक्ने** : कार्यपालिका, सभा वा शाखाले यस ऐनको कार्यान्वयनको लागि सम्बन्धित विषयका विज्ञसंग सल्लाह र परामर्श लिन सक्नेछ ।

५६. **अधिकार प्रत्यायोजन गर्न सक्ने**: कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार शाखामा प्रत्यायोजित गर्न सक्नेछ ।

**आज्ञाले**
**विविराज सोती**
**नि. प्रमुख प्रशासकीय अधिकृत**